छलफल तथा निर्णय

१. सन् २०१९ नोभेम्बर ५ देखि ७ सम्म नेपालमा आयोजना हुने **Scaling Up Nutrition Global Gathering (SUNGG19)** सफलतापूर्वक सम्पन्न गर्न सुशासन तथा सामाजिक विकास महाशाखाबाट बैठकमा प्रस्तुत भएअनुसारको पोषण विषयक्षेत्र हेर्नुहुने मा. सदस्यको संयोजकत्वमा आयोजक समिति र सुशासन तथा सामाजिक विकास महाशाखा प्रमुखको संयोजकत्वमा कार्यान्वयन उपसमिति गठन गर्ने तथा महाशाखाबाट पेश भए बमोजिमको समिति र उपसमितिको संरचना र कार्यदिश स्वीकृत गर्ने।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आगामी आ.व. २०७६।०७७ देखि पहिलो प्राथमिकता प्राप्त आयोजना (P1) को रुपमा सञ्चालन गर्न वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त "प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP)", "स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम (LABIDP)" र "प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)" लाई देहाय बमोजिमको प्रकृया अन्तर्गत रही कार्यान्वयन गर्ने गरी स्वीकृति प्रदान गर्ने।

"प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP)" का सम्बन्धमा

(क) उल्लिखित कार्यक्रमले समेट्ने नयाँ सडक निर्माण, स्तरोन्नति र मर्मत सम्भार सम्बन्धी पक्षहरुका सम्बन्धमा स्थानीय तहका केन्द्रहरु बीच प्राथमिकता निर्धारण गर्न आवश्यक Mapping र Assessment गरेर मात्र कार्यान्वयन गर्ने।

(ख) यस कार्यक्रमबाट बन्ने सडक तथा सडकसम्बन्धी अन्य कार्य विषयगत मन्त्रालय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) ले निर्धारण गरेको मापदण्ड अनुरुप हुनेगरी गर्ने।

(ग) यस कार्यक्रमका लागि ठूलो लगानी आवश्यक पर्ने देखिएकोले थप अन्तर्राष्ट्रिय आर्थिक सहायताको परिचालन गर्ने गरी खोजी गर्ने।

"स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम (LABIDP)" का सम्बन्धमा

(क) उल्लिखित कार्यक्रम अन्तर्गत स्थानीय तह प्रशासकीय भवन लगायतका पूर्वाधार निर्माणको कार्य नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को बैठकले स्वीकृत गरेको "संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेबारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६" बमोजिम सम्बन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजनालाई तत् तत् तहबाट सञ्चालन गर्ने गरी सम्बन्धित तहमा पठाउने।

(ख) यस कार्यक्रमको लगानीका स्रोतका सम्बन्धमा नेपाल सरकारको स्रोतको अलावा बैकल्पिक लगानी वा स्थानीय तहको लगानी हिस्सा अभिवृद्धिका सम्भावनाहरु खोजी गरी कार्यान्वयन गर्ने।

"प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)" का सम्बन्धमा

(क) उल्लिखित कार्यक्रमको हकमा आयोगबाट यस अघि पठाइएको रायहरु समावेश गरी कार्यान्वयनमा लैजाने।

३. खानेपानी मन्त्रालयबाट आगामी आ.व.२०७६।०७७ देखि नयाँ आयोजनाका रुपमा सञ्चालन गर्न वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त "विकेन्द्रित तथा संस्थागत ढल प्रशोधन आयोजना", "दिगो खानेपानी तथा ढल व्यवस्थापन आयोजना" र "वृहत पम्पिङ्ग तथा यान्त्रिक सुदृढीकरण आयोजना" लाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को बैठकले स्वीकृत गरेको "संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६" बमोजिम सम्बन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजनालाई तत् तत् तहबाट सञ्चालन गर्ने गरी आयोजना विकास (**Project Development**) को कार्य अघि बढाई सो पश्चात् मात्र निर्माण शुरु गर्ने र सम्बन्धित तहमा हस्तान्तरण गर्ने गरी स्वीकृति प्रदान गर्ने।

४. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालबाट आगामी आ.व.२०७६।०७७ देखि नयाँ आयोजनाका रुपमा शुरु भई आर्थिक वर्ष २०८१/०८२ (छ वर्ष) सम्म कायम रहने आयोगको स्वीकृतिका लागि प्राप्त "चितवन भूमिगत संयोजनात्मक जल सिंचाई आयोजना" लाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को बैठकले स्वीकृत गरेको "संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६" बमोजिम सम्बन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजनालाई तत् तत् तहबाट सञ्चालन गर्ने गरी सम्बन्धित तहमा हस्तान्तरण गर्ने गरी स्वीकृति प्रदान गर्ने।

५. वन तथा वातावरण मन्त्रालयबाट आगामी आ.व.२०७६।०७७ देखि नयाँ आयोजनाका रुपमा सञ्चालन गर्न वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त "सिमसार व्यवस्थापन कार्यक्रम", "प्रकृतिमा आधारित पर्यटन कार्यक्रम" र "जोखिमयुक्त जलाधारमा जलवायु समानुकूलन कार्यक्रम" लाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को बैठकले स्वीकृत गरेको "संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६" बमोजिम सम्बन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजनालाई तत् तत् तहबाट सञ्चालन गर्ने गरी स्वीकृति प्रदान गर्ने।

६. संघीय संसद, प्रतिनिधि सभाको अर्थ समितिद्वारा आयोजित "आ.व. २०७६/७७ को पूर्व बजेट छलफल कार्यक्रम सम्बन्धी प्रतिवेदन, २०७६" आयोगमा जानकारी गराइयो । उक्त प्रतिबेदनमा समावेश भएका सुझाव तथा सिफारिसहरुको कार्यान्वयनका सम्बन्धमा आयोगसँग सम्बन्धित विषयवस्तुहरुका हकमा विषयक्षेत्रगत माननीयहरुले आगामी आर्थिक वर्षको बजेट र मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा ध्यान दिने ।

७. राष्ट्रिय योजना आयोग अन्तर्गतको केन्द्रीय तथ्याङ्क विभागबाट आगामी आ.व.२०७६।०७७ देखि आ.व.२०८०।०८१ सम्म सञ्चालनमा आउने राष्ट्रिय जनगणना, २०७८ कार्यक्रमलाई नयाँ आयोजनाका रुपमा वार्षिक विकास कार्यक्रममा समावेश गर्न स्वीकृति प्रदान गर्ने ।

८. एशिया प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्र संघ आर्थिक तथा सामाजिक परिषद्को ७५औं बैठकमा आयोगका सदस्य माननीय श्री मीनबहादुर शाहीको नेतृत्वमा नेपालका तर्फबाट सहभागी हुने पाँच सदस्यीय प्रतिनिधिमण्डका तर्फबाट उक्त बैठकमा प्रस्तुत हुने **Country Statement** परिमार्जन सहित स्वीकृत गर्ने ।



